बैठक मितिः २०८१/०८/१३

बैठक सङ्ख्याः १८

छलफल तथा निर्णयः

१. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सिक्टा सिंचाइ आयोजना (ब. उ. शि. नं ३०८०३११६) (डुन्डुवा शाखा नहर र खजुरा तथा मानपुर उप शाखा) निर्माण कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा (३) को उपदफा (२) अनुसार रु. ३ अर्ब ३५ करोड ८३ लाख ९३ हजारको बहुवर्षीय ठेक्का स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट बबई सिंचाइ आयोजना ब. उ. शि. नं ३०८०३११२० अन्तर्गत विभिन्न नहर तथा संरचनाहरुको निर्माण कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा (३) को उपदफा (२) अनुसार रु ४ अर्ब २४ करोड ४९ लाख ४१ हजार बराबरको बहुवर्षीय ठेक्का स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट चालु आर्थिक बर्षमा प्राप्त ब.उ.शि.नं. ३३७०१११६ अन्तर्गत भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना अन्तर्गत तल्लुबगर-त्रिपुराकोट (चुगाड) सडक खण्ड ४२ कि.मि. को स्तरोन्नति कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) अनुसार रु. ४ अर्ब २० करोडको बहुवर्षीय ठेक्काको स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

४. खानेपानी मन्त्रालयबाट शहीदभूमि वृहत खानेपानी आयोजना, धनकुटालाई स्रोत सहमतिका लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू ७० करोड ९० लाख ७० हजारको स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

५. खानेपानी मन्त्रालयबाट खाँदवारी ढल निर्माण तथा प्रशोधन आयोजना, संङ्खुवासभालाई स्रोत सहमतिका लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू ७० करोड ४७ लाख ६४ हजारको स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।